




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



एउटै उद्देश्य, एउटै नारा
भ्रष्टाचारबाट छुटकारा,
हामी सबैको अभिभारा ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❑ वर्ष २२ ❑ अङ्क १४९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ जेठ २९ गते शनिबार ❑ 12 June 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## सरकार गठनका लागि विपक्षी गठबन्धनको दावी पेश

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ जेठ**

गण्डकी प्रदेशमा नयाँ सरकार गठनका लागि विपक्षी दलको गठबन्धका ३१ प्रदेशसभा सदस्यको समर्थनसहित प्रदेश प्रमुखसमक्ष दावी गरेका छन् ।

प्रदेश प्रमुख सीताकुमारी पौडेलले संविधानको धारा १६८ को उपधारा (५) बमोजिम मुख्यमन्त्री नियुक्ति प्रयोजनका लागि शनिबार दिउँसो ३.०० बजेसम्मको समय तोकेर प्रदेशसभा सदस्यलाई शुक्रबार आह्वान गरेकी थिइन ।

प्रदेश सदस्य कृष्णचन्द्र नेपाली पोखरेललाई मुख्यमन्त्रीका रुपमा अघि सार्दै गठबन्धनमा नेपाली काँग्रेसका १५, नेकपा (माओवादी केन्द्र)का ११, राष्ट्रिय



जनमोर्चाका २, जनता समाजवादी पार्टी (जसपा) का २ र स्वतन्त्र प्रदेश सदस्य दीपक मनाङ्गे रहेका छन् । प्रदेश सभामा बिहीबार मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले विश्वासको मत प्राप्त गर्न नसकेपछि नयाँ सरकार गठनको प्रक्रिया शुरु भएको हो । प्रदेश प्रमुखसँग भएको भेटमा मुख्यमन्त्रीमा दाबी पेश गरेका पोखरेलले आफूहरु सबै आएको भन्दै हस्ताक्षर प्रमाणीकरणको व्यवस्था मिलाउन पनि आग्रह गरेका छन् । 'यहाँ सशरीर उपस्थित हुनु भएका नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादी, राष्ट्रिय जनमोर्चा र स्वतन्त्र सांसद राजीव गुरुङलगायतलाई सनाखत गरियोस् भनेका छौं । हामी त्यसैको प्रतीक्षामा छौं' पोखरेलले भने ।

प्रदेश प्रमुख पौडेलले आफूले उक्त दावीबारे अध्ययन गर्ने र प्रक्रिया पुऱ्याएर निर्णय गर्ने बताएकी छन् । लगतै ३१ सांसदले प्रमुख प्रमुखको कार्यालयमै पोखरेलको मुख्यमन्त्री दाबीको पक्षमा हस्ताक्षर गरेका छन् ।

मुख्यमन्त्रीमा दावी पेश गरेपछि सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै कांग्रेस संसदीय दलका नेता पोखरेलले समयको चापका कारण छिटो निर्णय होस् भनेर अनुरोध गरेको जानकारी दिएका छन् । उनले भने, 'उहाँले भोलिसम्म हेरेर तपाईंहरुलाई बोलाउँछु भन्नुभयो ।'

## प्रदेश सांसद थापा पुनः कारवाहीमा

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ जेठ**

राष्ट्रिय जनमोर्चाका गण्डकी प्रदेश सभा सदस्य (सांसद) कृष्ण थापा पुनः कारवाहीमा परेका छन् । जनमोर्चाले कारवाही स्वरुप सांसद पदबाट हटाएको पत्र शुक्रबार संसद सचिवालयमा दर्ता भएको हो ।

शुक्रबार भएको सदनमा सभामुख नेत्रनाथ अधिकारीले उनलाई कारवाही भएको बिषयमा पत्र पढेर सुनाएका थिए । प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले बिहिबार प्रदेशसभामा विश्वासको मत लिदाँ विपक्षिमा मदतान गर्न पार्टीले जारी गरेको ह्विीप उल्लंघन गरेको भन्दै जनमोर्चाले थापालाई पार्टीको सदस्य समेत नरहने गरी कारबाही गरेको हो । यस अघि जनमोर्चाले ह्विीप उल्लंघन गरेको भन्दै पदमुक्त गरेको थियो । थापाले कानूनि उपचारको लागि सर्वोच्च अदालतमा पुगेका थिए उनलाई सर्वोच्चले पुर्नबहाली गरेको गरेसंगै विहिबारको सदनमा सहभागि भएका थिए । थापा विहिबारको मतदानमा तटष्ठ बस्दै पक्ष विपक्षमा कसैलाई पनि मत दिएनन् । यसअघि पार्टी निर्देशन नमानेको



भन्दै सांसद पदबाट हटाइनुभएका सांसद थापालाई गत आइतबार सर्वोच्च अदालतले पुर्नबहाली गरिदिएको थियो । संसद बैठक आगामी आइतबार १ बजेसम्मका लागि स्थगित भएको छ । एमालेले प्रदेशसभा सञ्चालन नियमावली अनुसार मन्त्रीहरूको अनुपस्थिति मा नै बैठक चलाएको भन्दै उठेर विरोध जनाएका थिए ।

नयाँ सरकार गठनको लागि कांग्रेस नेतृत्वमा गठबन्दन तयारी अबस्थामा रहेको श्रोतको दाबी । गण्डकी प्रदेश प्रमुख सीता कुमारी पौडेलले सरकार वनाउन आव्हान गरेसंगै अन्य दलहरुले बहुमत सङ्याको हस्ताक्षर लियर प्रदेश प्रमुख समक्ष जाने गरी तयारी गरेका हुन् । स्वतन्त्र सांसद राजीव गुरुङ (दीपक मनाङे) मन्त्रीबाट पदमुक्त भएकाछन्। शुक्रबार मन्त्रीपदबाट राजिनामा दिएका गुरुङलाई गण्डकी प्रदेश सरकारले मन्त्रीपद मुक्त गरेको थियो ।

पृथ्वी सुब्बा गुरुङ नेतृत्वको सरकारको युवा तथा खेलकुद मन्त्रालय सम्हालेका मनाङेले गुरुङलाई विश्वासको मत दिने दिनमा विहिबार दिन भरी जसो सम्पर्क विहिन भई पोखराको एक होटलमा बसेका थिए । उनले गठबन्दन सरकारलाई साथ दिएमा गठबन्दनको सरकार बन्ने लगभग पक्का रहेको श्रोतको दाबी छ ।

## राष्ट्रिय कार्यसूचीमा साझा धारणा बनाउन सभामुखको आग्रह

**रासस**
**काठमाडौं, २८ जेठ**

सभामुख अग्निप्रसाद सापकोटाले दलहरुलाई राष्ट्रिय कार्यसूचीमा साझा धारणा बनाएर सहमति, सहकार्यका साथ अगाडि बढ्न आग्रह गरेका छन् ।

विघटित प्रतिनिसभामा प्रतिनिधित्व गर्ने प्रमुख राजनीतिक दलका शीर्ष नेतासँग शुक्रबार संघीय संसद् भवन नयाँ बानेश्वरमा आयोजित छलफलमा सभामुख सापकोटाले संविधानले नै अर्को निर्वाचन नभएसम्म सभामुख रहने व्यवस्था गरेकाले आफू संविधानको परिधिमा रहेर काम गर्ने बताए ।

उनले संसारभरको मान्यता, सिद्धान्तअनुसार अर्को निर्वाचन नहुँदासम्म सभामुख रहने तथा जनताका प्रतिनिधिका आवाज संसद्मा आउने र सभामुखमा केन्द्रित रहने तथ्यलाई सभामुखले उल्लेख गर्नुभएको उनका प्रेसविज्ञ श्रीधर न्यौपानेले जानकारी दिए ।

छलफलमा सभामुखले प्रतिनिधिसभा अकारण पटक पटक विघटन भएको बताउँदै पछिल्लो पटक त वर्षे अधिवेशनको आवश्यक तयारी भइरहेका समयमा नै विघटन भएकामा असन्तुष्टि व्यक्त गरे । आफूले पूर्वसभामुख, कानून व्यवसायी र सञ्चारकर्मीसँग निरन्तर संवाद गरिरहेको भए पनि राजनीतिक दलका शीर्षस्थ नेतृत्वसँग समसामयिक विषयमा छलफलका लागि आफूले निम्त्याएको उनले बताएका थिए ।

छलफलमा नेपाली कांग्रेसका सभापति देउवा, नेकपा(माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, पूर्वप्रधानमन्त्री झलनाथ खनाल, माधवकुमार नेपाललगायतले प्रतिनिधिसभा विघटनसम्बन्धी विषय सर्वोच्च अदालतमा पुगेकाले त्यहाँबाट संविधानअनुरुप फैसला आउने विश्वास व्यक्त गरेका थिए । प्रतिनिधिसभा विघटनसम्बन्धी विषय सर्वोच्च अदालतमा विचाराधीन रहेका अवस्थामा दलका नेताहरुसँग सभामुखले समसामयिक राजनीतिक विषयमा छलफलका लागि बोलाउनुभएको पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले जानकारी दिए । उनले प्रतिनिधिसभा पटक पटक विघटन हुँदा लोकतन्त्र नै धरापमा परेकाले यसलाई बचाउन राजनीतिक दल लाग्नुपर्नेमा सबै दल सहमत भएको जानकारी दिए । 'पटक पटक संसद् विघटन भएको छ । यसमा साझा चिन्ता व्यक्त भयो', उनले भने 'कोरोना महामारी चर्किएको छ । खोप व्यवस्थापन हुन सकेको छैन । यस विषयमा पनि हामी सबैको एउटै मत रह्यो ।'

उनले संसद् विघटन गलत छ भनेर दलका नेताहरुले सभामुखलाई सुझाव दिएको जनाउँदै १४६ जनाले अदालतमा निवेदन दिएकाले सोहीअनुसार निकास आउनेमा विश्वास व्यक्त गरिएको बताए । छलफलमा कांग्रेसका सभापति शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष दाहाल पूर्वप्रधानमन्त्री खनाल, नेपाल, डा भट्टराई, जसपा अध्यक्ष उपेन्द्र यादव, राप्रपाका दीपक बोहोरा र नेमकिपाका प्रेम सुवाल सहभागी रहेका थिए । छलफलमा नेकपा (एमाले)का तर्फबाट भने सहभागिता थिएन ।

## गण्डकी प्रदेश प्रमुखद्वारा मुख्यमन्त्रीको दावी गर्न आह्वान

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ जेठ**

गण्डकी प्रदेश प्रमुख सीताकुमारी पौडेलले मुख्यमन्त्री नियुक्तिका लागि दावी गर्न प्रदेशसभाका सदस्यलाई आह्वान गरेकी छन् ।

नेपालको संविधानको धारा १६८ को उपधारा (३) बमोजिम गत वैशाख २९ गते गण्डकी प्रदेशमा मुख्यमन्त्रीमा नियुक्त पृथ्वीसुब्बा गुरुङले संविधानको धारा १६८ को उपधारा (४) बमोजिम प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्न नसकेपछि सो आह्वान गरिएको हो । प्रदेशसभाको शुक्रबारको पत्रबाट सो जानकारी आएपछि प्रदेश प्रमुख पौडेलले संविधानको धारा १६८ को उपधारा (५) बमोजिम मुख्यमन्त्री नियुक्तिका लागि प्रदेशसभा सदस्यलाई आव्हान गर्नुभएको प्रदेश प्रमुख कार्यालयका प्रवक्ता चण्डीप्रसाद अर्यालले विज्ञप्तिमार्फत जानकारी दिए । प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्तिको प्रयोजनका लागि शनिबार अपराह्न ३ बजेसम्म प्रदेशसभामा विश्वासको मत प्राप्त गर्न सक्ने अवस्था भएमा नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेशसभाका सदस्यलाई दावी गर्न आह्वान गरेकी हुन् । जारी विज्ञप्तिमा अर्को प्रदेश मन्त्रिपरिषद् गठन नभएसम्म मौजुदा मन्त्रिपरिषद्ले कार्य गर्ने गरी संविधानको धारा १६९ को उपधारा (३) बमोजिम प्रदेश प्रमुखले तोक्नुभएको जनाइएको छ । साठी प्रदेशसभासद् रहेको गण्डकीमा बिहीबार भएको विश्वासको मत प्रस्तावमा गुरुङले २ र विपक्षमा ३० मत परेका थिए ।

## पोखरा सहितका प्रदेशका अस्पताललाई अक्सिजन कन्सन्टेटर, अक्सिजन ग्याँस सिलिण्डर सहित १ करोड बराबरको सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ जेठ**

रोटरी क्लव अफ पोखराको समन्वयमा गण्डकी प्रदेशको राजधानी पोखरा र प्रदेशका केही जिल्ला अस्पताललाई अक्सिजन कन्सन्टेटर, अक्सिजन ग्याँस सिलिण्डर सहितको स्वास्थ्य सामाग्री सहयोग हस्तान्तरण गरिएको छ ।


शुक्रबार पोखरामा आयोजित एक समारोहका बिच क्लवको समन्यवमा विदेशबाट आएको अक्सिजन कन्सन्टेटर, अक्सिजन ग्याँस सिलिण्डर सहितको स्वास्थ्य सामाग्री सहयोग हस्तान्तरण गरिएको क्लवका पूर्व अध्यक्ष मिनु श्रेष्ठ कुंवरले बताइन् । उनका अनुसार क्लवले पहिलो चरणमा पोखरा सहित मुस्ताङ जिल्ला अस्पताललाई समेत उक्त स्वास्थ्य सामाग्री सहयोग हस्तान्तरण गरेको हो । क्लवले पोखरा सहित प्रदेशका अन्य अस्पतालहरुका लागि १ सय ५० अक्सिजन ग्याँस सिलिण्डर र १ सय २० वटा अक्सिजन कन्सन्टेटर सहयोग गर्ने भएको कार्यक्रम



संयोजक समेत रहेकी पूर्व अध्यक्ष कुंवरले जनाइन् ।

क्लवले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, मणिपाल शिक्षण अस्पतालको कोभिड उपचार केन्द्र, पोखराको सैनिक अस्पताल, कास्कीको अन्नपूर्ण गाँउपालिका, मार्दी गाँउपालिका लगायतका ठाँउमा अक्सिजन कन्सन्टेटर, अक्सिजन ग्याँस सिलिण्डर सहयोग प्रदान गरिएको क्लवले जनाएको छ । ताइवान, क्यानडा, अमेरका र चाइनाबाट प्रात भएको उक्त स्वास्थ्य सामाग्री हाल कोरोनाका बिरामीहरुलाई उपचारमा सहयोग पुग्ने उद्देश्यले ल्याइएको क्लवका पूर्व गर्भनर कीरणलाल श्रेष्ठले बताए । क्लवले ५ लिटर क्षमताको अक्सिजन कन्सन्टेटर, ४७ केजी बराबरकोअक्सिजनग्याँससिलिण्डर सहयोग गरेको हो । यसैबिच, पोखरा महानगरापालिकाका मेयर मानबहादुर जिसी, क्लवका पूर्व गर्भनर किरणलाल श्रेष्ठ, क्लवका अध्यक्ष जितेन्द्र सिग्देलले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका निर्देशक डा.भरतबहादुर खत्री, रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओझा, मुस्ताङ जिल्ला अस्पतालको लागि गण्डकी प्रदेश सांसद इन्द्रधारा विष्टलाई स्वास्थ्य सामाग्री हस्तान्तरण गरिएको थियो । क्लवले करिब १ करोड मुल्य बराबरको स्वास्थ्य सामाग्री वितरण गर्ने भएको संयोजक कुवंरले दाबी गरीन् ।

क्लवको वार्षिकोत्सवको अवसरमा शुक्रबार पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गर्दै गरेका बिरामी र उनका कुरुवालाई गरी करिब २ सय ५० जनालाई फलफुल वितरण गरिएको उनले जनाइन्। पहिलो चरणको कोरोना महामारीका वेला खासै ध्यान नदिएको हुँदा दोश्रो चरणको कोरोना महामारीले धेरै जनतालाई प्रभावित पारेको मेयर जिसीले बताए । प्राप्त स्वास्थ्य सामाग्री सम्बन्धित अस्पतालहरुले उचित ढंगले प्रयोग गर्न आग्रह गर्दै मेयर जिसीले आफुहरुले पोखरा क्षेत्रको लागि ४ लाख खोप ल्याउने योजना बनाइ पनि केन्द्र सरकारको निमयका कारण आफुहरुले मात्र चाहेन ल्याउन असम्भव भएको जनाए ।

# अपाङ्गता भएका परिवारका लागि सहयोग जुट्दै

पोखरापत्र संवाददाता
पोखरा, २८ जेठ

पोखरा महानगरपालिका-१७ रातोपैह्रामा बस्दै आएका अपाङ्गता भएको परिवारलाई सहयोग जुट्न थालेको छ।

सेती नदीको डिलमा जस्ताको छानामुनि बस्दै आएका अपाङ्गतासहितको सात जनाको परिवारले कोरोना कहरका कारण भोकै बस्नु परेको समाचार गत सोमबार राष्ट्रिय समाचार समितिमा प्रकाशित भएको थियो।

अपाङ्गता भएका परिवारमा रोगभन्दा भोकको चिन्ता विषयक शीर्षकको समाचार प्रकाशन भएसँगै विभिन्न राष्ट्रिय तथा स्थानीय सञ्चारमाध्यमले स्थान दिएका थिए। समाचारमा आएसँगै विभिन्न सहयोगी दाताले खाद्यान्नसहितका सामग्री सहयोग गर्नुभएको उक्त परिवारका सदस्य लक्ष्मु थापामगरले जानकारी दिए।

उनका अनुसार पाँच छोरामध्येको कान्छो १८ वर्षीय छोरा पूर्ण जन्मजातै पूर्णरूपमा अपाङ्गता छन्, हिँडडुल गर्न सक्दैनन्, खाना खुवाउनुका साथै शौचालयसमेत बोकेर लैजानु पर्दछ, आम्दानी भनेको दैनिक मजदूरी नै हो। पोखरा-१७ का वडाध्यक्ष तीर्थराज अधिकारी र कार्यपालिका सदस्य राधिका शाही योगीले खाद्यान्नसहितको राहत सामग्री प्रदान गर्नुभएको थियो भने विभिन्न व्यक्तिले ठाउँठाउँबाट सहयोग गर्ने आश्वासन दिनुभएको उनले बताए। भोकै बस्नुपर्ने तत्कालीन बाध्यता हटाउनका लागि प्रारम्भिकरूपमा रु पाँच हजार बराबरको खाद्य सामग्री सहयोग गरिएको बताउँदै वडाध्यक्ष अधिकारीले उनीहरूको दीर्घकालीन बसोबासका लागि समेत आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गरे। उनीहरूको परिवारलाई युवासङ्घ पोखरा-१७ बाट नौ हजार बराबरको खाद्यान्न, सरसफाइलगायत सामग्री प्रदान गरिएको छ।

उक्त परिवारको लागि जग्गा प्राप्त भएमा घर निर्माणका लागि आवश्यक जस्तापाता र ब्लक उपलब्ध गराउने सो स्थानामा पुग्नुभएको गैसस महासङ्घका महासचिव रामप्रसाद सुवेदीले जानकारी दिए।



वडा न १३ मा बहिनी एडुकिएर फाउण्डेशनको सहयोगः राम्रो काम गरेपछि भगवानले हेर्छन भने झै बिहीवार अध्यक्ष दर्शन लामा पहिलो खोपको लागि आफ्नो वडमा सकिए पनि खोप नपाएर वडा १३ को मुल गेटमा बस्ने बृद्धहरुलाई अन्य वडामा बाँकी रहेको खोप मागेर पनि सवै बाआमालाइ खोप लगाएर पठाए। सोही अध्यक्षको अनुरोधमा पोखरा-५ बहिनी एडुकिएर फाउण्डेशनले वडा १३ मा रहेको ७० जना मजदुरी गरेर खाने परिवारलाई शुक्रवार खाद्यान्न वितरण गरेको छ। लकडाउनको समस्याले भनेजस्तो काम गर्न नपाएका मजदुरलाइ फाउण्डेशनको सहयोगले ठुलो राहत मिलेको अध्यक्ष लामाले बताए। प्रत्येक मजदुरको परिवारलाई १ बोरा चामल, २ केजी दाल र २० वटा मास्कको साथमा साबुन वितरण गरिएको अध्यक्ष लामाले भने। फोटो-पोखरापत्र

# कोरोना संक्रमित व्यवसायीलाई गण्डकी हेल्प डेस्कको सहयोग

पोखरापत्र संवाददाता
पोखरा, २८ जेठ

नेपाल सुनचाँदी व्यवसायी महासंघ गण्डकी प्रदेशले स्थापना गरेको सुनचाँदी व्यवसायी कोभिढ १९ हेल्प डेस्कको वृहत जुम बैठक चन्द्रकिशोर गौतमको सभापतिमा र नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिकरत्न शाक्यको प्रमुख आतिथ्यतामा सम्पन्न भयो।

गण्डकी प्रदेशका व्यवसायीहरु कोरोना भाइरसको दोस्रो भेरियन्टबाट संक्रमित हुँदा अक्सिजन, एम्बुलेन्स, अस्पताल नपाएर ज्यान गुमाउनु परेको स्थितिबाट अव हामी हाम्रा व्यवसायीहरुलाई बचाउन पर्छ भनेर प्रदेशका सवै जिल्लाका व्यवसायीहरुलाई समेटेर १५१ सदस्यीय हेल्पडेस्क स्थापना गरेको हो। कार्यक्रममा महासंघका अध्यक्ष एवं प्रमुख अतिथी माणिकरत्न शाक्यले कोरोना भाइरसले संक्रमण गरेपछि पद पोजिशन, पैसा, कुन मान्छे हिमालको, कुन मान्छे पहाडको, कुन मान्छे तराइको र जातजाती केही नहेर्ने रहेछ। हामीले पनी को संक्रमित छ, चिन्नै नसकिने हुँदा स्वयं सचेत रहनुपर्ने देखियो।

गण्डकी प्रदेशले गरेको कार्य अरु प्रदेशले पनी गर्नुपर्ने र सवै प्रदेशहरु अगाडी बढ्नेछन् भन्ने विश्वास लागेको छ। हामी सुनचाँदी जस्ता धातुका काम गर्ने कालिगढ तथा, व्यापार गर्ने व्यवसायी उच्च जोखिममा छौं। यसको तत्कालको समाधान खोप नै हो। हामीले राज्यका विभिन्न निकायमा पहल गरी व्यवसायीहरुलाई बचाउन प्रयासरत छौं। गण्डकी प्रदेशले गरेको कार्यलाई हाम्रो पनि सहयोग छ र रहिरहनेछ।

त्यसैगरी महासंघका निर्वतमान अध्यक्ष मोहन कुमार सुनारले कोरोनाका कारण विश्वलाई नै तहस नहस पारीरहेको र हाम्रो देशमा मृत्युदर बढीरहेको अवस्थामा गण्डकी प्रदेशले सुःख दुःख साटा साट र संक्रमितहरुलाई बचाउनका लागी यस पुण्य कार्यमा लाग्नुभएको छ। हरेक गतिविधीमा सचेत रहदै कार्यविधि नै बनाएर लाग्नुभएको छ अझ आजको भेलाबाट स्पष्ट मार्गदर्शन पाउनुभएको छ।

कार्यक्रममा महासंघका सचिव बाबुराम विश्वकर्माले वेडमा छटपटिएका साथीहरुलाई प्रत्यक्ष सहयोग पुग्दा राम्रो सन्देश गएको बताउनुभयो। महासंघका सचिव केशबहादुर सुनारले व्यवसाय र संघमा लागेकाहरुलाई सहयोग पुऱ्याउँदा महासंघप्रतिको भावना ओतप्रोत हुँदो रहेछ। निरन्तर अगाडी बढ्नुपर्ने विचार व्यक्त गर्नुभयो। कार्यक्रममा उपाध्यक्ष दुर्गा बहादुर सुनार, गण्डकी प्रदेशका सल्लाहकार एवं जिल्ला समन्वय समिति पर्वतका अध्यक्ष मनोहर वि. पौडेल, केन्द्रिय सदस्य गोविन्द सुनार ,तेजबहादुर सुनार, हरि बहादुर विश्वकर्मा, राजेन्द्र विश्वकर्मा, मनकाजी घमाल, अमर घताने, भिम सदाशंकर, निर्मल दियाली, कृष्ण सुनार लगायत जिल्ला अध्यक्षहरुले आफ्ना धारणा राख्दै गण्डकी प्रदेशले गरेको हरेक कृयाकलापमा हाम्रो सहयोग निरन्तर रहने सफलताको कामना व्यक्त गरेका थिए। गण्डकी प्रदेश जिल्ला इन्चार्जहरुले जिल्लाका समग्रस्थिति सहित संक्रमित व्यवसायी र मृत्यु हुनेको विवरण र राहत स्वरुप प्रदान गरीएको विवरण प्रस्तुत गर्नेहरुमा बमबहादुर विश्वकर्मा लमजुङ, सन्तोष सुनार कास्की, शान्ता सुनार नवलपुर, पुर्ण बहादुर विश्वकर्मा तनहुँ। हिमलाल विश्वकर्मा स्याङ्जा, ठाकुर वि.पौडेल पर्वत , पर्व विश्वकर्मा गोर्खाले गराएको थिए।

हेल्पडेस्क समितिका संयोजक चन्द्रकिशोर गौतमले यस प्रदेश समितिबाट १३ जना सुनचाँदी व्यवसायी र उनका परिवारले ज्यान गुमाएको र ६५ भन्दा बढी व्यवसायी र ११५ जनाभन्दा बढी परिवारका सदस्य कोभिडबाट संक्रमित भएको बताउँदै हालसम्म अति दयनीय अवस्थामा रहेका ११ जनालाई राहत स्वरुप सहयोग रु १३५,५०० प्रदान गरीएको र सदस्यहरुबाट संकलन रकम रु ९२४,६३६ र महासंघबाट प्राप्त रकम रु २००,००० गरी ११,२४,६३६ रुपैया संकलन कोषमा भएको जानकारी गराउँदै यस कोषमा सुनचाँदी व्यवसायीहरुको सहयोग रहेको छ। सुनचाँदी व्यवसायी ,व्यवसायीका परिवार, कालिगढ, सुनचाँदीमा आवद्ध कर्मचारी र जिल्ला संघका कर्मचारी तथा संकलन गरीएको रकमको १५ प्रतिशत यस व्यवसायभन्दा फरक निम्न वर्गीय महानुभावहरुको उपाचारमा र कुनै जिल्ला अस्पताल, स्वास्थ चौकीहरुमा सहयोग गरीने छ। यो भन्दा अगाडी १०१ सदस्यीय हेल्पडेस्क समिति गठन भएकोमा जिल्लाका सदस्यहरुको उत्साह जनक उपस्थितीले अहिले १५१ जना सदस्यीय रहेको सभापति चन्द्रकिशोर गौतमले जानकारी गराउँदै सहयोगी मनहरुलाई धन्यवाद प्रकट गर्नुभयो। कार्यक्रम संचालन सचिव रविन विश्वकर्माले गर्नुभएको थियो भने धन्यवाद ज्ञापन उपसभापति कृष्ण बहादुर विश्वकर्माले गर्नुभएको थियो।

# गण्डकी प्रदेशमा ३७६ मा कोरोना संक्रमण, ६ को मृत्यु

पोखरापत्र संवाददाता
पोखरा, २८ जेठ

पछिल्लो २४ घण्टामा कास्की जिल्लामा थप १११ जनामा कोरोना संक्रमण पुष्टि भएको छ।

कास्कीमा ६९ जना पुरुष तथा ४२ जना महिला गरी १११ जनामा कोरोना भाइरस देखिएको प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ। पछिल्लो २४ घण्टामा प्रदेशमा १ हजार ४०२ जनाको नमुना परीक्षण गरिएकोमा गण्डकी प्रदेशमा थप ३७६ जनामा कोरोना पोजेटिभ देखिएको विज्ञप्ति मार्फत निर्देशनालयले उल्लेख गरेको छ। योसँगै गण्डकी प्रदेशमा कोरोना संक्रमितको कुल संख्या ४९ हजार ४१४ पुगेको छ।

गण्डकीमा थप ६ जनाको कोरोना संक्रमणका कारण मृत्यु भएको छ। हालसम्म कोरोना संक्रमणका कारण प्रदेशभर ज्यान गुमाउनेको संख्या ८२३ पुगेको छ।




# ७७ जिल्लामा गृहको परिपत्र

रासस
काठमाडौं, २८ जेठ

गृह मन्त्रालयले कोभिड-१९ का कारण प्रभावित भएको मुलुकको आर्थिक गतिविधि चलायमान हुने गरी कार्ययोजनाका साथ अघि बढ्न ७७ वटै जिल्ला प्रशासन कार्यालय र सुरक्षा अधिकारीलाई निर्देशन दिएको छ। नवनियुक्त गृहमन्त्री खगराज अधिकारीले पदभार सम्हालेलगत्तै उहाँकै निर्देशन बमोजिम मन्त्रालयले ७७ वटै जिल्ला प्रशासन र निकायका अधिकारीलाई १२ बुँदे परिपत्र जारी गर्दै कोभिड-१९ नियन्त्रणमा सक्रियतापूर्वक लाग्न र आवश्यक योजना निर्माण गरी सुरक्षास्थितिलाई मजबुत बनाउन निर्देश गरेको हो। गृहप्रवक्ता जनकराज दाहालले मन्त्री अधिकारीबाट प्राप्त निर्देशनअनुसार परिपत्र जारी गरिएको जानकारी दिनुभयो।

मन्त्रालयले सरकारले सञ्चालन गरेका विकास आयोजना तोकिएको समयमा सम्पन्न गर्न प्रभावकारी समन्वय, सहजिकरण एवं अनुगमन गरी विकास कार्यमा तीव्रता दिन पनि भनेको छ। यसरी काम गर्दा स्वास्थ्य सुरक्षा मापदण्डलाई भने पूर्ण कार्यान्वयन गर्नुपर्नेमा जोड दिइएको छ। परिपत्रमा हालसम्मको निषेध आदेश कार्यान्वयनको समीक्षा गर्दै जनस्वास्थ्यमा नकारात्मक असर नपारी स्वास्थ्य मापदण्ड पालनाका साथ आर्थिक गतिविधि अगाडि बढाउने सम्बन्धमा पूर्वतयारीमा जुट्न भनेको छ। नागरिकको जिउधनको सुरक्षा तथा जिल्लामा भयरहित वातावरणको सिर्जना गर्न शान्ति सुरक्षामा खलल पुग्ने गरी कुनै पनि गतिविधि हुन नदिन, जिल्लामा घट्न सक्ने घटनाको सम्बन्धमा पूर्वसूचना लिई सोही अनुसार सुरक्षा योजना बनाई कार्यान्वयन गर्न पनि मन्त्रालयले अनुरोध गरेको छ।

# नेपालको पूर्वी भेगबाट मनसुन प्रवेश

रासस
काठमाडौं, २८ जेठ

बङ्गालको खाडी आसपास विकसित भएको न्यून चापीय क्षेत्रका कारण आजदेखि नेपालको पूर्वी भूभाग प्रदेश नं १, प्रदेश नं २ र वाग्मती प्रदेशमा मनसुन आगमन भएको छ।

मौसम पूर्वानुमान महाशाखाका मौसमविद् राजु प्रधानाङ्गका अनुसार एक दुई दिनमै मनसुन देशैभरि फैलिने सम्भावना छ। आगामी साता मनसुन सक्रिय भई देशका धेरै स्थानहरुमा हल्कादेखि मध्यम वर्षा, केही स्थानहरुमा भारी वर्षा र थोरै स्थानहरुमा धेरै भारी वर्षाको सम्भावना छ। महाशाखाले शुक्रबार विशेष मौसम बुलेटिनमार्फत आवश्यक सतर्कता अपनाउन सबैमा अनुरोध गरेको छ। महाशाखाले मनसुनलाई निरन्तर अनुगमन गरिरहेको र सबैलाई अद्यावधिक मौसमी सूचनाको जानकारी लिन समेत अनुरोध गरेको छ। नेपालमा सामान्यतया मनसुन जुन १३ मा भित्रिने र अक्टोबर २ मा बाहिरिने गरेको छ। दक्षिण एशियाली जलवायु दुष्टिकोण मञ्च (एसएएससिओएफ)ले आगामी मनसुन अवधिमा नेपालका धेरैजसो भूभागमा सरदरभन्दा बढी वर्षा हुने आकलन गरेको छ। हाल देशको पुर्वी भूभागमा पूर्वीय वायु तथा मध्य र पश्चिमी भूभागमा पश्चिमी वायु र स्थानीय वायुको मिश्रित प्रभाव रहेको छ।

तसर्थ देशभर आंशिकदेखि सामान्य बदलीको अवस्था रहेको मौसमविद् प्रधानाङ्गले बताउनुभयो। शुक्रबार देशभर सामान्यदेखि पूर्ण बदली रहेको र धेरै स्थानहरुमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ। प्रदेश नं २, वाग्मती, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशका एक दुई स्थानमा भारी वर्षाको समेत सम्भावना छ।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# कोभिड-१९ का कारण कसरी मृत्यु हुन्छ ?

- डा. बिनोद ढकाल

कोरोना भाइरसले हाम्रो गाउँ सहरमा त्रास फैलाइरहेको बेला आउनुहोस् यसले कसरी मृत्युसम्म पुर्याउछ विश्लेषण गरौँ। कोभिड-१९ उपल्लो श्वासनली र तल्लो श्वासनली दुबैमा संक्रमण गराउन सक्छ । उपल्लो श्वासनलीको संक्रमणले कम हानी गराउनसक्ने भएपनि तल्लोमा संक्रमण भएमा फोक्सो र श्वासनलीको तीव्र क्षती (एक्युट लङ इन्जुरी) गराउन सक्छ । एक्युट लङ इन्जुरी फोक्सोको प्याथोलोजी क्षेत्रमा एक महत्वपुर्ण विषय हो। अहिले आएर कोभिड-१९ का कारणले पनि यसको महत्व शिखरमा पुगेको छ । अमेरिकामा यस्तो अवस्थामा बर्षेनी दुई लाख बिरामीहरु पुग्ने गर्थे।

कोरोनाको संक्रमण बढेपछि यो भाइरसले उक्त संख्यामा बृद्धि ल्याइदिएको छ। यि मध्यका चालिस प्रतिशत बिरामीहरुको मृत्यू हुने गरेको थियो। कोभिड-१९ भाइरसले गराएको एआरडिएस (एक्युट रेस्पिरेटरी डिस्ट्रेस सिन्ड्रोम)का कारण मृत्यु हुनेको सङख्या ३९ प्रतिशत छ। विकासोन्मुख देशहरुमा यसको राम्रोसँग अध्ययन भएको छैन। यस सम्बन्धि थोरै लेखहरु भेटाइन्छन्। हाल नेपालमा व्याप्त म्यूट्यान्ट या डबल म्यूट्यान्ट कोरोना भाइरसले गराएको मृत्यु संख्याको यकिन पुर्ण विवरण आइसकेको छैन (आउदै छ) तर धेरै संक्रमण गराउनसक्ने भएकाले पहिलाको भन्दा बढी सतर्कता अपनाउन पर्ने भने अवश्य छ। यि सबका बाबजुद यस्तो संक्रमण आफैं पूर्णतया निको हुन पनि सक्छ।

एक्युट लङ इन्जुरी फेक्सोका कोशीकाहरुको चोटका कारणले सुरुहुने गर्छ। सेप्सिस (संक्रमणका कारण कोशीकाहरुको मृत्यु), गहन चोटपटक, पेटको खाना फोक्सोमा पुग्ने (प्राय होश गुमेका मान्छेहरु, मुखको पाइपबाट खाना खुवाउनुपर्ने मानिसहरुलाई हुन्छ), फोक्सोमा फैलिएको संक्रमण, केही महत्वपुर्ण कारणहरु हुन्। फोक्सोमा फैलिएको संक्रमण प्रायजसो भाइरसहरुले गराउने गर्छ। कोरोना पनि भाइरस भएका कारणले फोक्सोलाई तीव्र रुपमा क्षती गराउन सक्छ। ज्यान जोखिममा पार्न सक्ने श्वासप्रश्वासको असफलता जसलाई एआरडिएस भन्ने गरिन्छ, कोरोनाको महत्वपुर्ण जटिलता हो । यो जटिलता गम्भीर एक्युट लङ इन्जुरीको अभिव्यक्ति हो। भारतका केही अध्ययनहरुले निमोनिया,मलेरिया,लेप्टोस्पाइरोसिस्, टाइफस, इन्फ्लूएन्जा, जस्ता रोगका कारणले एक्युट लङ इन्जुरी बढी हुने देखाएको छ। नेपालमा पनि सेप्सिस, ट्राउमा, निमोनिया, केही महत्वपुर्ण कारणहरु हुन्।

एआरडिएस हल्का, मध्यम र गम्भीर भनेर तीन तहमा विभाजन गरिएको छ। यो शरीरमा अक्सिजनको कमीका आधारमा विभाजन गरिएको छ। मध्यम र गम्भीर प्रकृतिका कोरोना बिरामीहरुलाई भेन्टिलेटरमा राख्न पर्ने हुनसक्छ । यस्ता बिरामीहरुको बाँच्ने सम्भावना निकै कम हुन्छ। अध्ययन अनुसार अस्पतालमा भर्ना भएका बिरामीहरु मध्य एक तिहाइ एआरडिएसमा जान्छन्, एक चौथाइ आइसियूमा जान्छन्। यस्तै ६ मा एक जनाको मृत्यू हुने गरेको छ।

फोक्सोको शरीर रचनालाई बुझ्नुपर्दा रुखलाई उल्टाएको जस्तो हुन्छ । मानौ रुखको फेद स्वासनली हो। हाँगाहरु स्वासनलीमा विभाजनहरु हुन् अनि पातहरु जहाँ अक्सिजन र कार्बनडाइअक्साइड आदानप्रदान हुन्छन् । फोक्सोमाउक्तस्थानलाईएलभियोलाई भनिन्छ । एलभियोलाईको भित्ताको भित्री भाग न्यूमोसाइट्स भन्ने उपकला (इपिथेलियल) कोशीकाले बनेको हुन्छ। उक्त कोशीका एक र दुई प्रकार भनेर विभाजन गरिएको छ । ९५ प्रतिशत पहिलो प्रकारका हुन्छन् । न्यूमोसाइट्सको दोस्रो प्रकारले सरफेक्ट्यान्ट (एउटा मसिनो चिप्लो पदार्थ) बनाउनुका साथै कोशीकाहरुको मर्मत पनि गर्ने गर्छ। सरफेक्टेन्टले फोक्सोको एलभियोलाइको सतही तनाब (सरफेस टेन्सन) घटाइदिने गर्छ जसकारण सामान्यतया सास फेर्दा फोक्सो पुर्ण रुपमा सुकेर जाने हुँदैन। यो नभएको भए फोक्सोलाई फुकाउन साह्रै ठुलो शक्ति चाहिने गर्थ्यो । कोशीकाहरुको भित्रि झिल्ली (बेसमेन्ट मेम्ब्रेन) ले एलभियोलाई र एलभियोलाइको बाहिर बग्ने रक्तनलीलाई छुट्याउने गर्छ। यहि स्थान हो जहाँ अक्सिजन र कार्बनडाइअक्साइड साटिने गर्छ। एलभियोलाईभित्र किटाणुलाई मार्ने कोशीका (म्याक्रोफेज) पनि हुन्छ। यो रोगको प्रतिरोधात्मक क्षमताको पहिलो रक्षक कोशीका हो । यि कोशीकाहरु हावी भए रोग लाग्दैन। यि कोशीकाहरुभन्दा भाइरस बढी भए रोग लाग्ने सम्भावना बढी हुन्छ।

तीव्र संक्रमणका कारण तरल पदार्थ रक्तनलीबाट निक्लिएर फोक्सोको खाली ठाउँमा जम्मा हुने, सुन्निने, कोशीकाहरुको मृत्यू गराउने गर्छ । दोस्रो किसिमको कोशिका (न्युमोसाइट्स)को पनि मृत्यू हुने भएकाले सरफेक्ट्यान्ट बन्न पाउदैन जसकारण श्वास फेर्न कठिन हुन्छ।

भाइरस र शरीरको प्रतिरोधात्मक कोशीकाहरुको झडपले फोक्सो युद्ध सकिसकेपछिको रणभूमि जस्तो हुन्छ । दुबै तर्फका कोशीकाहरु साथसाथै रणभूमिका कोशीकाहरु घाइते या मृत्यु भएका हुन्छन्। भाइरस हाबी भएर संक्रमण विभिन्न चरण पार गर्दै जाँदा एलभियोलाइको पोकामा हायलिनको (गुलाबी बाक्लो पदार्थ) झिल्ली निर्माण हुन पुग्छ । यस झिल्लीले श्वास फेर्ने प्रणालीलाई थप कठिनाइ बनाइदिन्छ । जसका कारण आफैं श्वास फेर्न नसकेर बिरामीहरुको मृत्यु हुने गर्छ।

जर्मनीमा गरिएको अध्ययनले कोरोनाको संक्रमणका कारणले हुने सेप्सिस र महत्वपूर्ण अङ्गहरुको असफलताका कारणले मानिसहरुको मृत्यु हुने गरेको देखाएको छ। तर चीनको अध्ययनले श्वास फेर्ने असमर्थता मुख्य कारण भनेको छ। एसिइटु (रिसेप्टर) जसले भाइरसलाइ बाँध्ने गर्छ (रक्तनली र फोक्साका कोशीकाहरुमा हुन्छ) सिधै कोरोनाबाट आक्रमणमा पर्ने गर्छ। उक्त रिसेप्टरहरु अन्य महत्वगुर्ण अङ्ग जस्तै मुटु, मिर्गौला आन्द्रामा पनि हुने गरेकाले ति अङ्ग पनि सिधै मारिन सक्छन्।

एआरडिएस भएका बिरामीहरु सास फेर्न गाह्रो भएर, अक्सिजन नपुगेका कारणले शरीरका अङ्गहरू निलो भएर, छिटो छिटो श्वास फेर्न पर्ने समस्या लिएर अस्पताल भर्ना भएका हुन्छन् । साथै भाइरसको कारणले ज्वरो आउने, खोकी लाग्नेत छँदैछ। फोक्सोको कुनै भागमा मात्र संक्रमण देखिन सक्ने भएकाले उक्त भागमात्र सेतो अथवा खुम्चिएको र अर्को भाग सामान्य देखिन पनि सक्छ। यस्ता किसिमका फोक्सोहरु रातो, गह्रुङ्गो, डसना छामेको जस्तो हुन्छ। मृत्यु भएका यस्ता प्रकारका बिरामीका फोक्सोमा निमोनियाको लक्षण देखिने गरेको छ।

श्वास फेर्न सहज होस् भनेर एआरडिएस भएका बिरामीहरुलाई अक्सिजन दिने, सिकिस्त बिरामीहरुलाई भेन्टिलेटरमा राख्ने गरिन्छ। तर यि प्रविधिहरु रोगलाई निको पार्न भन्दापनि रोगको लक्षणलाई सहज गर्नकालागि गरिएको उपचार मात्र हो । स्टेरोइड सङक्रमणको विरुद्ध र रेमडिसिभिर भाइरसको विरुद्ध दिने गरिएको पनि छ।

एक्युट लङ इन्जुरी लामो समयसम्म धूम्रपान र मध्यपान गर्ने मानिसहरुलाई बढी हुने गर्छ । कोशीकाहरुको जीनको अध्ययन गर्दा थुप्रै कोशीकाहरुको जीन एक्युट लङ इन्जुरी गराउने गरेको पाइएको छ। उक्त जीनहरुमा संक्रमण र रगतको जमाओट (कोयागुलेसन) गराउने कोशीकाहरुको जीनहरुको परिमार्जन बढी मात्रामा पाइन्छ। यस्ता जिनहरु वंशाणुगत रुपमा एक पुस्ताबाट अर्को पुस्तामा आउन सक्छन् । इ जि एल एन वान, एम यू सि फाइब बि केही जीनका उदाहरणहरु हुन् । जसले एआरडिएस गराउन सक्छ । यो कारण हुन सक्छ कुनै परिवारका धेरैलाई कोरोनाले सिकिस्त बनाएको या मृत्यु गराएको छ। दाजु नेपालमा र भाइ विदेशमा कोरोनाका कारण मृत्यु भएकोपनि सुनेका छौ । अर्को तर्फ कुनै परिवारमा सामान्य लक्षण मात्र देखिने गर्छ । संक्रमण समुदायमा पुगिसक्दा पनि कुनै परिवारहरुमा त रोग नलागेको पनि देखिएको छ। उत्तिकै सावधानी पुऱ्याउदा पनि सङ्गै कोठामा बस्ने बुढालाई लाग्दा बुढीलाई नलागेको पनि देखिएको छ। बुढीलाई लाग्दा बुढालाई नलागेको पनि देखिएको छ। तर महिलाहरुको शरीरमा रोग विरुद्ध लड्ने प्रतिरोधात्मक क्षमता (इम्युनिटी) बढी हुन्छ। यो संक्रमणको गराउने भाइरसको लोडका कारणले मात्र भएको होइन। गर्भवती महिलाहरुमा भने यो रोगको जोखिम उच्च छ।

पाँच मध्यमा एक मानिसमा मात्र भाइरस तल्लो श्वासनलीसम्म पुग्न सक्छ। शरीरभित्र जसरी भएपनि अन्तमा कोशीकाहरुले राम्रोसँग अक्सिजन नपाएर मानिसहरुको मृत्यु हुनेगर्छ । राम्रोसँग हेर्दा भाइरसले मानिसहरुलाई काखा र पाखा लगाएको पनि देखिएको छ। कोरोनाको लागि भनेर गरिएको जीनको अध्ययनमा ए सि इ २ जीनको अध्ययन बाहेक अरु राम्रोसँग भएको पाइएको छैन। नेपालमा त अझ धेरै अध्ययन गर्न बाँकीनै छ। यस्ता जीनहरुको अध्ययनले कोभिड-१९ को उपचारमा सहयोग पुर्याउथ्यो की?

-(प्याथोलोजीका लेक्चरर डा ढकाल धुलिखेल अस्पतालमा कार्यरत छन्।) साभार- स्वास्थ्य खबर

# तनहुँ समाज युकेको सहयोग

पोखरापत्र संवाददाता
दमौली, २८ जेठ

तनहुँ समाज युकेले तनहुँ उद्योग वाणिज्य सङ्घले खडा गरेको कोभिड सङ्कट व्यवस्थापन महाअभियानका लागि रु आठ लाख बढी सहयोग गरेको छ।

तनहुँ घर भई युकेमा रहेका तनहुँवासीको संस्थाले सङ्कट व्यवस्थापन महाअभियानका लागि रु आठ लाख आठ हजार ६४० सहयोग गरेको हो । कोभिड न्यूनीकरणका लागि सङ्घले खडा गरेको कोषमा हालसम्मकै सर्वाधिक रकम जुटेको हो । उक्त रकमको चेक व्यास नगरप्रमुख बैकुण्ठ न्यौपानेमार्फत सङ्घका अध्यक्ष पविन्द्रकुमार श्रेष्ठलाई बिहीबार हस्तान्तरण गरिएको छ।

सहयोग रकम जुटाउन समाजका अध्यक्ष लेख गुरुङ, उपाध्यक्ष केशर राना, सल्लाहकार देवी आले, दमौली निवासी रन्जन मल्ल लगायतको महत्वपूर्ण भूमिका छ । जिल्लावासीलाई एकताको सूत्रमा समेटी जिल्लाको विकास, समृद्धि र सुख दुःखमा नजिक रहेर महत्वपूर्ण सहयोग गरेकामा सङ्घले समाजप्रति आभार व्यक्त गरेको छ।

सङ्घले जिल्लाका स्थानीय तह, अस्पताल र सुरक्षाकर्मीलाई रु १० लाख बराबरको स्वास्थ्य सामग्री वितरण गरिसकेको छ । सङ्घले व्यास नगरपालिका, म्याग्दे गाउँपालिका, ऋषिङ गाउँपालिका, आँबुखैरेनी गाउँपालिका, बन्दीपुर अस्पताल, पुरनडिही अस्पताल, दमौली अस्पताल, जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रलाई अक्सिजन सिलिन्डर सहित स्वास्थ्य सामग्री वितरण गरेको छ भने कालीभञ्जन गण (इ) र नेपाल पत्रकार महासङ्घ तनहुँ शाखाका लागि पनि स्वास्थ्य सामग्री उपलब्ध गराएको छ।

# देवघाटको कोभिड कोषमा १५ लाख

पोखरापत्र संवाददाता
दमौली, २८ जेठ

कोभिड-१९ विरुद्ध जुध्न हेफर इन्टरनेशनल नेपालले तनहुँको देवघाट गाउँपालिकालाई रु १५ लाख सहयोग गरेको छ।

गाउँपालिकाले खडा गरेको कोभिड कोषमा उक्त संस्थाले रु १५ लाख सहयोग गरेको हो । महिला समूह समन्वय समिति, चक्रवर्ती सामाजिक उद्यमी महिला सहकारी संस्था र समृद्धिको लागि त्रिपक्षीय आयोग लगायतका तीन संस्थाहरूको सहकार्यमा कोभिड विरुद्ध जुध्नका लागि उक्त सहयोग गरिएको संस्थाका चितवन जिल्ला क्लष्टर प्रबन्धक कृष्णबाबु कट्टेलले जानकारी दिनुभयो।

उक्त रकम अक्सिजन सिलिन्डर, लिक्विड अक्सिजन, अक्सिजन कन्सट्रेटर, भेन्टिलेटर, आइसियु, एक्सरे मेशिन, आइसोलेशन तथा कोभिड अस्पताल निर्माण, स्वास्थ्य सामग्री खरिदमा खर्च गर्नुपर्ने उहाँले बताउनुभयो। देवघाट गाउँपालिकाका अध्यक्ष दुर्गबहादुर थापाले कोभिड नियन्त्रणका लागि गैरसरकारी संस्थाको तर्फबाट ठूलो रकम सहयोग प्राप्त भएको भन्दै संस्थाप्रति आभार व्यक्त गर्नुभयो। थापाले हेफरसँग सहकार्य गरेर गाउँपालिका अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

# पिप्ले–बन्दीपुर सात किलोमिटर सडक कालोपत्र गरिँदै

पोखरापत्र संवाददाता
दमौली, २८ जेठ

पहाडकी रानी उपनामले परिचित तनहुँको बन्दीपुर जाने सडक कालोपत्र गर्ने कार्य थालिएको छ।

पृथ्वी राजमार्गअन्तर्गत पिप्लेबाट बन्दीपुर बजारसम्मको करिब सात किलोमिटर सडक स्तरोन्नतिपश्चात कालोपत्र थालिएको हो । सडक विभागको रु छ करोड र गाउँपालिकाको रु तीन करोड ६० लाख गरी रु नौ करोड ६० लाखको लागतमा असार महिनाभित्र सम्पन्न गर्ने कालोपत्र कार्य शुरु गरिएको बन्दीपुर गाउँपालिका कार्यालयले जनाएको छ। सडकको दायाँबायाँ एक/एक मिटर बढाएर निर्माण गर्न लागिएको गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले जानकारी दिनुभयो । रिटेनिङ पर्खाल उठाउने ठाउँका लागि ठेक्का लगाई काम शुरु भएको छ । उहाँले भन्नुभयो, “नाला निर्माण ठेक्का लागे पनि ठेकेदार भागेकाले नालाबिनाको कालोपत्र गर्न लागिएको छ।”

सडक साँघुरो भएका कारण ठूला पर्यटकीय गाडी बन्दीपुर जान कठिनाइ भएपछि अघिल्लो वर्ष सडक छ मिटरको चौडा बनाएपछि यस वर्ष कालोपत्रको काम गरिएको उहाँले बताउनुभयो । पिप्लेबजार र बन्दीपुर बजार क्षेत्रका करिब दुई किलोमिटर सात मिटरको फराकिलो सडक बनाइनेछ भने पाँच किलोमिटर छ मिटरको सडक हुनेछ। दुईतर्फी सवारी साधन गुड्न मिल्ने गरी सडक बनाइएको अध्यक्ष थापाले बताउनुभयो । उहाँका अनुसार पिप्लेबजार र बन्दीपुर बजार क्षेत्रको पुरानो कालोपत्र सडक पूरै भत्काएर पुनःनिर्माण गर्ने योजना छ।

# बाँस र नियालोले परिवार धान्दै

–जनक श्रेष्ठ
लमजुङ, २८ जेठ

सेतै फुलेको दारी, कपाल । चाउरिएका मुहार। शिरमा टाका टोपी, शरीरमा भोटो र कच्छाड र खुट्टामा एक जोर चम्पल । यति मात्र नभई हातमा लिएको हँसियाले बाँस, नियालोको चोयासँगै रमाउनु हुन्छ, दोर्दी गाउँपालिका–३ नौथर शेराका ८० वर्षीय बाडी गुरुङ।

आराम गरेर बस्नुपर्ने उमेरमा युवाहरू भन्दा व्यस्त हुनुहुन्छ उहाँ । कोरोना सङ्क्रमणका कारण जारी निषेधाज्ञाका बीचमा समेत उहाँ बिहान कुखुराको भाले बाँसेसँगै उठ्नु हुन्छ। हातमुख धोएपछि आफैं खाजा बनाएर खानुहुन्छ र थाल्नुहुन्छ पसिनाको व्यापार उसैमा उहाँको सीप झल्किन्छ र पेशा चल्न थाल्छ। कहिले बाँस तथा नियालो लिन घरबाट एक घण्टा टाढा श्रीमञ्जाङका गाउँहरूमा पुग्ने गर्नुहुन्छ । बाँस तथा नियालो काटेर आफैँले नै बोकेर घरसम्मै ल्याउनुहुन्छ। यतिकैमा उहाँको पेशा रोकिन्न । अनि बाँस तथा नियालो खुर्किन र काट्न तथा चोयाको सामग्री बनाउनका लागि तयार गर्नुहुन्छ । त्यसपछि स्याखु, डोको, थुम्से, नाम्लो, नाङ्लोलगायतका सामग्री बुन्नुहुन्छ । उहाँको यस्तो सीप तथा जाँगर देख्दा जो कोही पनि मोहित पर्ने गर्दछन्। कम बोल्ने तथा लजालु स्वाभाव भएकाले जो कोही सँग हतपत खुलेर कुरा गर्नु मान्नु हुन्न। आफूसरहका अरु बुढापाकाहरूसँग पनि बसेर उहाँ समय खर्चिन चाहनु हुन्न । उहाँ भन्नुहुन्छ, “अरुसँग गफिएर बस्नुभन्दा त आफ्नो सीप अनुसारको काम गऱ्यो भने दुई/चार पैसा पनि आम्दानी हुन्छ।”

उहाँलाई भेट्ने अधिकांश मानिसले उहाँको काम तथा सीपको बारेमा र उहाँको जीवनको बारेमा चासो राख्ने गर्दछन्। कतिपयले उहाँले यस उमेरमा पनि यस्तो काम बाध्यताले गर्नुभएको होला भन्ने ठान्छन् । उहाँलाई काम नगरी खानै नपुग्ने अवस्था पनि छैन । उहाँका छोरा बुहारी रोजगारीको सिलसिलमा घर बाहिर रहेका छन् भने दुई वटा नाति उहाँसँगै बस्दछन् । आफ्नो कमाइले तीनजनालाई सजिलैसँग पुगेको उहाँ बताउनुहुन्छ।

उहाँको यो पेशा बाध्यता नभई जानेको सीप र फुर्सदको समय सदुपयोग गर्नुभएको हो । उहाँलेले भन्नुभयो, “सानै हुँदा लेकमा गोठालो जाँने बेलामा जानेको सीप घर फर्के पछि २० वर्षदेखि यही पेशा गर्दै आइरहेको छु। स्वास्थ्यले साथ दिउञ्जेल काम गरिरहने छु। बेलामा पढाइ पनि भएन, अरु पेशा पनि जानिएन। आफूले जे जानेको छ, त्यही गर्ने त हो नि।”

उहाँलाई केही काम नगरी त्यतिकै घरमा बसेर समय कटाउन निकै गाह्रो लाग्छ । उहाँ भन्नुहुन्छ, “यसरी काम गर्दा दिन बितेको पत्तै हुँदैन । दिन पनि कटाउन सजिलो, आम्दानी पनि राम्रो हुन्छ।” उहाँको सीप बिक्री गरेर आएको आम्दानीले घर खर्च चलेको छ। उहाँले बुनेका स्याँखु, डोको, थुम्से, नाम्लो, नाङ्लोलगायतका सामग्रीबाट महिनामै कम्तिमा पनि २५/३० हजार रुपैयाँ सजिलै कमाइ हुन्छ । एक दिनमा एउटा स्याखु बुनिसक्ने, डोको, थुम्से, नाङ्लो त एक दिनमै तीन वटासम्म तयार गर्ने गरेको उहाँले सुनाउनुभयो। उहाँले बुनेका प्रति स्याखु रु ८००, डोको, थुम्से रु ३००, चाल्नो रु ५०० मा सजिलै बिक्री हुने गरेको छ।

यस गाउँमै उहाँले मात्र यस्तो पेशा गर्ने भएकाले घरमै नै ती सामग्रीहरू लिन आउने गरेकाले बिक्रीमा कुनै समस्या छैन। यतिबेला त खेतिपाती गर्ने समय आउन थालेकाले माग पनि बढिरहेको उहाँको भनाइ छ। ती सामग्री लिनका लागि नौथर शेरा, रामचोक बैंसी, श्रीमञ्जाङका विभिन्न गाउँ, बगर गाउँलगायतका वासिन्दाहरू आउने गरेको गुरुङले बताउनुभयो । उहाँले भन्नुभयो, “जताततै कोरोना महामारी आएको छ भन्छन्, तर मलाई त केही थाहा छैन, सधैं यी काममा मात्र ध्यान जान्छ।” आफूले गाउँका युवाहरूलाई आफूले जानेको सीप सिकाउन खोज्दा कसैले पनि चासो नदेखाएको उहाँको भनाइ छ।

“भोलिका दिन यस्ता सामग्रीहरू लोप हुने हुन् कि भन्ने चिन्ता लाग्छ” उहाँ भन्नुहुन्छ, “युवाहरू काम नपाएर विदेश जान रुचाउँछन् तर विदेशको भन्दा राम्रो कमाइ घरमै बसेर हुनेतिर कसैको ध्यान छैन।” यो पेशालाई आफूले सकेसम्म अझै केही वर्ष निरन्तरता दिने उहाँको भनाइ छ।

# कोरोना सङ्क्रमितको नियमित डायलासिस

पोखरापत्र संवाददाता
बागलुङ, २८ जेठ

धवलागिरि अस्पतालले कोरोना सङ्क्रमणसँगै मिर्गौला रोगबाट ग्रसित बिरामीलाई नियमित डायलासिस सेवा प्रदान गर्दै आएको छ।

अस्पतालमा अहिले चार जना कोरोना सङ्क्रमितले डायलासिस गराइरहेका छन् । जसमध्ये तीन जना होम आइसोलेशनमा छन् भने एक जना अस्पतालमै भर्ना भएर उपचाररत हुनुहुन्छ । अस्पतालका प्रमुख चिकित्सक शैलेन्द्र विक पोखरेलका अनुसार अस्पतालमा नियमित डायलासिस गराउनेको संख्या २० छ। “कोरोना सङ्क्रमितका लागि विशेष सावधानीसहित डायलासिस गराइरहेका छौं”, उहाँले भन्नुभयो, “जोखिम हुँदा पनि हामीले मिर्गौलाका बिरामीलाई अन्यत्र पठाएनौं, यही व्यवस्थापन गऱ्यौं।” कोरोना सङ्क्रमितलाई आइसोलेशनकक्षमा छुट्टै राखेर डायलासिस गराउने गरिएको छ।

होम आइसोलेशनमा रहेका तीन जना मिर्गौलापीडित भने सुरक्षित तवरले अस्पताल आई डायलासिस गरेर फर्कन्छन्।

अस्पतालले कोरोना सङ्क्रमित महिलालाई प्रसूतिसमेत गराउँदै आएको छ। महामारीको दोस्रो लहर शुरु भएयता दुई जना सङ्क्रमित महिलाले अस्पतालमा शिशु जन्माएको प्रमुख चिकित्सक पोखरेलले बताउनुभयो । कोरोनासँगै अन्य दीर्घ रोग भएका बिरामीको पनि उपचारमा विशेष ध्यान दिइएको उहाँको भनाइ छ।

त्यस्ता बिरामीलाई कोरोनाले चाँडै गम्भीर बनाउने चिकित्सक बताउँछन्। मिर्गौला रोगी पनि बढी जोखिममा पर्छन् । अस्पतालले तीन वर्षअघि मिर्गौलापीडितको उपचारका लागि डायलासिस सेवा शुरु गरेको थियो।

डायलासिस सेवा दिने अस्पताल जिल्लामा यही मात्र हो । विसं २०७६ चैत १५ मा देशकै पाँचौ सङ्क्रमित जिल्लामा भेटिएपछि अस्पतालले गण्डकी प्रदेशमै पहिलोपटक कोरोनाको उपचार थालेको थियो। हालसम्म सयौँ सङ्क्रमित उपचारपछि निको भएर अस्पतालबाट घर फर्केका छन् । अहिले १४ जना सङ्क्रमित अस्पतालमा उपचाररत छन्।

सीमित स्रोत साधनका बावजुद अस्पतालले सङ्क्रमितको उपचार र व्यवस्थापन गरिरहेको छ। दरबन्दी अनुसार चिकित्सक/स्वास्थ्यकर्मी नहुँदा कामको चाप छ। उपप्रादेशिक तहको अस्पताल भएर पनि पूर्वाधार र मानव संशाधनको व्यवस्थापनमा सम्बन्धित निकायको उचित ध्यान पुगेको छैन । पछिल्लो सातायता अस्पतालमा सङ्क्रमितको संख्या ५० प्रतिशतले घटेको जनाएको छ। हालसम्म जिल्लाका चार हजारबढीमा कोरोना पुष्टि भएको छ। सक्रिय सङ्क्रमितको संख्या ६९० छ भने कोरोनाका कारण ४७ जनाले ज्यान गुमाएका छन्।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : मन चञ्चल | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : शारिरीक झमेला |
| कर्कट | : मानसिक तनाब | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : कार्यमा सफलता | मीन | : झमेला बड्ने |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# निषेधाज्ञामा जारी छ निर्माणका काम

**पोखरापत्र संवाददाता**
**बागलुङ, २८ जेठ**

मर्मत अभावमा जीर्ण बनेका बागलुङ नगर क्षेत्रका सडकको सुधारलाई तीव्रता दिइएको छ । सडक बोर्ड नेपाल र नगरपालिकाको लागत साझेदारीमा सडक मर्मत सुधारको काम भइरहेको हो । निषेधाज्ञाबीच पहिलो चरणमा सदरमुकामभित्रका सडकमा काम भइरहेको नगरपालिकाले जनाएको छ । चालु आर्थिक वर्षभित्र १४ वटै वडाका पक्की सडकमा मर्मत सुधारको काम हुने इञ्जीनियर मनोज शर्माले बताउनुभयो ।

उहाँका अनुसार यस योजनाका लागि बोर्डको रु ९२ लाखमा नगरपालिकाको ३५ प्रतिशत थप लागत परेको छ । बोलपत्रमार्फत आरएस निर्माण सेवाले कामको जिम्मा पाएको थियो । "बजारपछि ग्रामीण भेगका सडकको मर्मत शुरु हुन्छ", इञ्जीनियर शर्माले भन्नुभयो ।

यसअघि कालोपत्र भएर पनि भत्केका, खाल्डाखुल्डी परेका सडकको मात्र मर्मत गरिने निर्माण व्यवसायी राजिन खड्काले बताउनुभयो । "क्षतविक्षत नै भएको, धेरै बिग्रेको ठाउँमा कालोपत्र नै हुन्छ, कतै खाल्डाखुल्डी पुरेर सामान्य मर्मत मात्र गरिन्छ", उहाँले भन्नुभयो । वडा नं २ को अदालतचोकबाट-धवलागिरि अस्पताल र गोदामघरबाट सिर्जनाटोलसम्मको सडक कालोपत्र भइसकेको छ । बेलैमा मर्मत नहुँदा ती सडक जीर्ण बनेका थिए । कालोपत्र भत्केर सडकभरि खाल्डैखाल्डा थिए । गोल्डेनगेट चोक, ट्राफिक चोकको घुम्तीबाट मगर सङ्घको कार्यालय जोड्ने सडक पनि मर्मतकै चरणमा छ । वडाध्यक्ष जीवन आचार्यले सदरमुकामका भित्री सडक, चोक सुधारले पनि गति लिएको बताउनुभयो । "वडा नं २ भित्र मात्रै झण्डै रु ५० लाख बजेटबाट यो काम हुँदैछ", उहाँले भन्नुभयो, "कुनै सडक बोर्डअन्तर्गत कुनै वडास्तरका योजना छन् ।" यसअघि पनि सडक विस्तार, मर्मत, जीर्ण पाल, तार हटाउनेलगायत बजार व्यवस्थापनका काम गरिएको वडाध्यक्ष आचार्यले बताउनुभयो ।

गत वर्ष भूपि शेरेचनचोक-किरानाटोल, धवलागिरि बहुमुखी क्याम्पसको पश्चिम गेटबाट गोल्डेनगेट चोक र वीरेन्द्र-ऐश्वर्य उद्यान आसपासको सडक चौडा पारिएको थियो । सडक विस्तारपछि घन्चमन्च सवारी गुड्ने, मोडिन नसकी बस/ट्रक चोकमै अड्कने स्थितिबाट केही छुट्कारा मिलेको छ । सडक फराकिलो बन्दा पैदलयात्रीको आउजाउ पनि सहजउन्मुख छ । वडा नं ३ की वडाध्यक्ष लक्ष्मी बाँस्कोटाले कोरोना महामारीका कारण जारी निषेधाज्ञाबीच पनि सार्वजनिक निर्माणका काम नरोकिएको बताउनुभयो । आव आखिरतिर आएकाले पनि योजनाको काम बेलैमा सक्नुपर्ने स्थिति छ । "धेरै सडक, नालीका योजना छन्, अहिले धमाधम काम भइरहेको छ", उहाँले भन्नुभयो ।

निर्वाचन क्षेत्र विकास कार्यक्रमअन्तर्गत गहतेबाट बोक्सेको खाल्डोसम्म सडक कालोपत्रका लागि पूर्वाधार तयारीको काम भइरहेको उहाँको भनाइ छ । उक्त योजनाका लागि रु ५० लाख बजेट छ । सडक मर्मत सुधार योजनाले वर्षेनी निरन्तरता पाएपछि बागलुङ बजारले क्रमशः मुहार फेर्दैछ । बजार व्यवस्थापन र यसको सौन्दर्यीकरणमा नगरपालिकाले लगानी बढाउँदै लगेको छ । जिल्लाका अन्य स्थानीय तह पनि यतिबेला चालु योजनाको कार्यान्वयनसँगै आउँदो आवका लागि योजना छनोटको तयारीमा जुटेका छन् । महामारीका कारण बस्तीस्तरमा पुगेर तर्जुमा गर्न नसकिने भएपछि वडा कार्यालयहरूले फोन या अरु माध्यमबाट योजना टिपाउन/पठाउन आग्रह गरेका छन् । असार १० गते सबै स्थानीय तहले बजेट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ ।



फेवातालमा डुङ्गाः
पर्यटकीय नगरी पोखरामा अवस्थित फेवातालमा निषेधाज्ञाका कारण हाल सञ्चालन नभएका डुङ्गा ।
तस्वीरः राधिका कँडेल, रासस

# कसरी गर्ने कोरोनाको चेनब्रेक ?

**पोखरापत्र संवाददाता**
**बागलुङ, २८ जेठ**

कोरोनाको सक्रिय सङ्क्रमित १ हजार १ सयसम्म रहेको बागलुङमा बिहिबारसम्म आइपुग्दा ६ सयमा झरेको छ ।

सङक्रमितहरू डिस्चार्ज हुने क्रम बढेको छ । कोरोनाका बिरामी थपिने दर केही कम पनि भएको छ । तर गाउँ गाउँमा पुगेको कोरोनाको चेनब्रेक कसरी संभव होला ? यो अहिलेको बढी चासोको विषय बनेको छ ।

सक्रिय सङ्क्रमित घटाउनका लागि परिक्षण नै घटाएको टिप्पणी समेत भैरहेको छ । परीक्षण घटाएरभन्दा छिटो धेरै सङ्क्रमित पहिचान गरेर उनीहरूलाई उपचारमा लैजाने, सुरक्षित आइसोलेसनमा राख्ने जस्ता काम गर्नु पहिलो प्राथमिकता हो । त्यसका लागि स्थानीय तहबाटै सक्रियता हुन जरुरी छ । किनकी स्थानीय तहले हरेक वडा र टोलसम्मको अवस्था बुझेको हुन्छ । कोभिड नियन्त्रण अभियानमा स्थानीय तहनै प्रभावकारी संयन्त्र समेत हुन् । कोरोना नियन्त्रण अभियानमा केही पालिकाले अगुवाई समेत गरिसकेका छन् ।

बागलुङ नगरपालिकाको वडा नं. ४ मा सङ्क्रमित बढेर सिल गरिएकै बेला वडा नं. ११ भने सङ्क्रमण मुक्त भएको छ । वडा नं. ११ को रायडाँडामा कडा निगरानी, होम आइसोलेसनमा स्वास्थ्य मापदण्ड पालना र नियमित उपचार सेवामा स्वास्थ्यकर्मी खटिंदा यो सफलता मिलेको वडा अध्यक्ष ज्ञानेन्द्र गौतमले बताउनुभयो । रायडाँडामा एकैपटक १२ जना सम्ममा कोरोना देखिएको थियो । अघिल्लो वर्ष २ जना मात्रै सङ्क्रमित देखिएको यहाँ यो वर्ष भने एकैपटक सङ्क्रमण बढ्ने खतरा थियो । सङ्क्रमणविरुद्ध स्वास्थ्य चौकीप्रमुख केयरसिंह थापासहित अध्यक्ष गौतमले निरन्तर घरदैलो गरेर स्वास्थ्य मापदण्ड पालनामा पहल गर्दा सफलता मिलेको थियो । यो अभ्यास अन्यत्र पनि गर्नुपर्ने सरोकारवालाले बताए । सबैभन्दा धेरै सङ्क्रमित देखिएको बलेवा क्षेत्रमा पनि होम आइसोलेसनलाई कडाइ गरेर घरमै बस्ने व्यवस्था मिलाएपछि सङ्क्रमण मुक्त गर्न सकिने बानपा-१२ अमलाचौरकी अनमी कल्पना घिमिरेले बताउनुभयो ।

बागलुङको ताराखोला पनि शुन्य सङ्क्रमित बनाउने अभियानमा छ । स्वास्थ्य शाखा प्रमुख उदित थापाका अनुसार गाउँपालिकाको संस्थागत आइसोलेसनमा तीन जना मात्रै छन् । उनीहरू डिस्चार्ज हुने क्रममा छन् । सबैजना निको भैसकेकोले शुन्य सङ्क्रमणमा पुगिसकेको थापाले बताउनुभयो । गाउँपालिकाले तीन सातासम्म गरेको कठोर परिश्रमको सफलताले यो उपलब्धी पाएको उहाँको भनाई छ ।

सक्रिय सङ्क्रमितलाई घरमा बस्न नदिई संस्थागत आइसोलेसनमा राख्ने, घरमा बसेकाले अनिवार्य मापदण्ड पालना गर्नेमा कडाइ गरिएको थापाको भनाई छ । आइसोलेसनमा पनि दैनिक उपचार सेवा दिएर सुरक्षित बनाएको उहाँको अनुभव छ । कन्ट्रयाक्ट ट्रेसिङलाई व्यापक रूपमा बढाएकोले सफलता पाउन सकिएको गाउँपालिका अध्यक्ष प्रकाश घर्ती बताउनुहुन्छ । "चेनब्रेकका लागि घर घरमै बस्ने, स्वास्थ्यका मापदण्ड पालना गर्ने र बिरामी भएमा तत्काल उपचारमा जाने हो", थापाले भन्नुभयो, "परीक्षणलाई व्यापक बनाउनु पर्छ ।" परीक्षण बिनै सङ्क्रमित छैनन् भन्ने हो भने सफलता नमिल्ने उहाँले बताउनुभयो ।

यो अभियान सफल बनाउन गाउँपालिकाका सबै जनप्रतिनिधिहरू स्वास्थ्यकर्मी सरह निरन्तर खटिएका थिए । गाउँपालिका अध्यक्ष घर्तीले सबैको साझा प्रयासबाट सफलता मिलेको बताउनुभयो । "अहिले पनि हरेक प्रवेशद्वारमा कडाइ गरेकोले सङ्क्रमण मुक्त हुनेछौं", घर्तीले भन्नुभयो । यहाँ एक महिनामा १ सय ५० बढी कोरोनाका सङ्क्रमितको उपचारबाट निको भएका हुन् । राष्ट्रिय रूपमा व्यवस्थापन नभएपनि ताराखोलाले भने संस्थागत संरचनामा क्वारेन्टिन बनाएर शङ्कास्पदलाई राख्दा छिटो चेनब्रेक भएको घर्ती बताउनुहुन्छ ।

क्वारेन्टिन र आइसोलेसन बसेकालाई स्थानीय आमा समूहले दैनिक अर्गानिक खाना खुवाएको स्थानीय भवीकला रोकाले बताउनुभयो । जौको सातु, सागपात र ग्रामीण क्षेत्रमा उत्पादित अन्य खाद्यान्न सङ्क्रमितलाई दिएकोले सहज भएको रोकाको अनुभव छ । सङ्क्रमणको पहिलो चरणमा यहाँकी एक जनप्रतिनिधिको मृत्यु भएको थियो । घरमै रोग च्याप्दा सिकिस्त बनेकी वडा नं. ३ की सदस्य तेजुमाया भण्डारीको धौलागिरि अस्पताल लगेको तेस्रो दिन निधन भएपछि तर्सेका जनप्रतिनिधि र स्वास्थ्यकर्मीले चौबिसै घण्टा खटिएर गाउँपालिकालाई शुन्य बनाउन सकेको बताउनुभयो ।

स्वास्थ्य कार्यालयले जिल्लाभरी पहिलो चरणमा ४ हजार ५ सय सहित ७ हजार बढी एन्टिजेन्ट परीक्षण गरेको छ । यसरी परीक्षण गर्दा संक्रमित तत्कालै पत्ता लागेर आइसोलेसनमा राख्न सफलता मिलेको कार्यालयका कोभिड फोकल पर्सन देवप्रकाश घिमिरेले बताउनुभयो ।

# कोरोनाले बढायो आर्युवेद औषधिको महत्व

**– खेमराज गौतम**
**बागलुङ, २८ जेठ (रासस)**

अस्पतालभन्दा पहिला सञ्चालनमा आएका आयुर्वेद औषधालय कोरोना आउनुभन्दा पहिला प्रायः सुनसान अवस्थामा थिए । आयुर्वेद औषधालयमा काम गर्ने चिकित्सक तथा स्वास्थ्यकर्मी फुर्सदिला हुन्थे । मानिसको आयुर्वेदभन्दा एलोपेथिक औषधिप्रतिको बढी भरोसा थियो ।

पछिल्लो एक वर्षयता देखिएको कोरोना भाइरसले आयुर्वेद औषधिको महत्व उल्लेख्य बढाएको छ । अहिले आयुर्वेद औषधालयका स्वास्थ्यकर्मीसमेतव्यस्तदेखिनथालेका छन् । कोरोना जितेका अधिकांशले बेसार, गुर्जो, असुरोलगायतको सेवनका कारण कोरोना जितेको अनुभव सुनाउँछन् । सक्रिय सङ्क्रमित सङ्क्रमणको बखत बेसार र गुर्जो पानी नखाने कमै भेटिएका छन् ।

कोरोनाको हालसम्म कुनै औषधि नबनेका कारण कोरोना जित्न सहयोगीका रूपमा आयुर्वेद औषधिको प्रयोग गर्ने क्रम उल्लेख्य बढेको धवलागिरि आयुर्वेद औषधालयले जनाएको छ । कार्यालयले यस क्रममै सङ्क्रमितको हातहातमा आयुर्वेद औषधि पुऱ्याउने अभियान चलाइरहेको छ । कोरोना सङ्क्रमितलाईअनलाइनमार्फतयोगाभ्यास गराउनेदेखि रोग प्रतिरोधात्मक औषधि वितरणसम्मको काम औषधालयले गर्दै आएको धवलागिरि आयुर्वेद औषधालय बागलुङका प्रमुख डा सरोज रायले बताउनुभयो ।

"सङ्क्रमितले आफूखुशीसमेत आयुर्वेद औषधि सेवन गरेको पाइएको छ । तर फोनबाटै भए पनि सल्लाह गरेर खाँदा राम्रो हुन्छ, गुर्जो, बेसार, अदुवालगायतका औषधिको समेत मात्र मिलाएर खान आवश्यक हुन्छ, हामीले बारम्बार आइसोलेशन तथा होमआइसोलेशनमा गएर भन्दै र परामर्श गर्दै आयुर्वेदको महत्व दर्शाएका छौँ", डा रायले भन्नुभयो, "अहिले कार्यालयबाट समेत दैनिक २० देखि ३० जनाभन्दा बढीले हामीले कोरोना जित्न सहयोग गर्ने बनाएको औषधि प्रयोगका लागि लैजानुभएको छ भने करिब २१२ कोरोना सङ्क्रमितलाई कार्यालयले पालिकासँग समन्वय गरेर औषधि वितरण गरेको छ ।" कोरोनाको पहिलो लहरपछि निरन्तर रोग प्रतिरोधात्मक क्षमता बढाउने औषधिको माग भएको र अहिलेसम्म ७५४ जनाले उक्त औषधि लगेको औषधालयको भनाइ छ । कोरोनाले आयुर्वेद औषधिप्रतिको भरोसासमेत बढाउँदै लगेको र लोपोन्मुख जडीबुटीको समेत संरक्षणमा टेवा पुऱ्याउने उहाँको भनाइ छ । गुर्जो गुमनामजस्तै थियो तर कोरोनामा एकाएक चर्चामा आयो अहिले कतिपय स्थानमा गुर्जोखेतीसमेत गर्दै आएको पाइएको छ । कोरोना सङ्क्रमित भई होमआइसोलेशन तथा आइसोलेशनमा बसेकाले कुनै न कुनै हिसाबले आयुर्वेद औषधि तथा औषधिजन्य पदार्थ सेवन गरेको डा रायको दाबी छ । नेपालका पाँचौँ कोरोना सङ्क्रमित बागलुङकी अंशु सापकोटा र छैटौँ सङ्क्रमित मनकुमारी पौडेलले समेत आत्मबल र आयुर्वेद औषधिको सहारामा कोराना जितेको बताउनुभएको थियो ।

होमआइसोलेशनमा बसेर कोरोना जित्नुभएका पत्रकार नारायण रिजाल, स्थानीय दुर्गा सुवेदीलगायतले होमआइसोलेशनमा बस्दा गुर्जो, टिमुर, बेसारपानी, पुदिना, बोझो, दालचिनीजस्ता आयुर्वेद औषधिको प्रयोग गरेको बताउनुहुन्छ । सङ्क्रमित बिरामीलाई लक्षणअनुसारको आयुर्वेदिक औषधि, आहार/विहार र योग तथा मनोसामाजिक परामर्श दिएर उपचार गरिरहेको औषधालयले जनाउँदै आएको छ ।

औषधालयको सेवा नपुगेको बरेङ गाउँपालिका, काठेखोला, ताराखोला, बडिगाड गाउँपालिकामा समेत नागरिक आरोग्य सेवा केन्द्र, पालिकाको स्वास्थ्य शाखा र अस्थायी कोभिड अस्पतालमार्फत औषधि पठाई सेवा दिइरहेको छ । औषधालयले उत्पादन गरेको 'आयुर क्वाथ', 'गुर्जो, जेष्ठवासादी, याष्टीमधु मिश्रण', अश्वगन्धा, गुडुची अमालाकी चुर्णलगायतका सङ्क्रमणबाट बच्न र रोग प्रतिरोधात्मक क्षमता बढाउने औषधि वितरण गर्दै आएको छ । धवलागिरि आयुर्वेद औषधालयले उत्पादन गर्दै आएको 'आयुर क्वाथ', 'गुर्जो, जेष्ठवासादी, याष्टीमधु मिश्रण'को प्रयोग निकै बढी गरिएको छ । उक्त औषधिले कोरोना लाग्नबाट जोगाउने, कोरोना लागेमा जित्न मद्दत गर्ने, रोग प्रतिरोधात्मक क्षमता बढाउने तथा कोरोनापछिको रुघाखोकी, छातीको दुखाइसमेत कम गर्दै लैजाने डा राय बताउनुहुन्छ । उहाँका अनुसार कोरोना सङ्क्रमणको अवस्थामा आयुर्वेद औषधिसँगै दैनिक ४५ मिनेट योगाभ्यास गर्नुपर्नेछ ।

सङ्क्रमितले स्वास्थकर्मीको परामर्शमा औषधि खाँदा अन्य असर नगर्ने उहाँ बताउनुहुन्छ । गुर्जोले सुगर र प्रेसर घटाउने भएकाले स्वास्थ्यकर्मीको सल्लाहमा मात्रै आयुर्वेद औषधि खान डा रायको सुझाव छ । उहाँका अनुसार गुर्जो, बेसार, जेष्ठवासादी, याष्टीमधुलगायतको मिश्रण धुलो दुई ग्राम पानीमा पकाएर खान सकिन्छ ।

# लक्षित समूहले खोप नपाएको गुनासो

**पोखरापत्र संवाददाता**
**दमौली, २१ जेठ**

तनहुँको भानु नगरपालिका-११ रुपाकोटमा लक्षित समूहले कोभिड विरुद्धको खोप नपाएको गुनासो आएको छ ।

बैसठ्ठी देखि ६४ वर्ष उमेर समूहका नागरिकलाई सञ्चालन गरिएको भेरोसेल खोप लक्षित समूहले नपाएको स्थानीयवासीले गुनासो गरेका हुन् । स्थानीयवासी रमेश अधिकारीले आफ्ना बाबुलाई खोप लगाउन जाँदा स्वास्थ्यकर्मीले खोप सकियो भनेर फिर्ता पठाएको बताउनुभयो । 'बुबा ६४ वर्षको हुनुभयो, खोप लगाउन जाँदा त खोप छैन भनेर फिर्ता पठाए', उहाँले भन्नुभयो, 'लक्षित समूहकै नागरिकले खोप लगाउन नपाउने ?' उहाँले रुपाकोट स्वास्थ्यचौकी इन्चार्जले आफ्ना चिनेजानेका व्यक्तिलाई खोप लगाइदिएको आरोप लगाउनुभयो । स्वास्थ्यचौकीइन्चार्जशिवप्रसादढुङ्गानाले स्वास्थ्यचौकीबाट ६४ जनालाई खोप लगाइएको जानकारी दिनुभयो । खोप लगाउन १२ बजेसम्म कुर्दा कोही पनि नआएपछि खोप बिग्रन सक्ने भएकाले वडाध्यक्षलाई सम्पर्क गरेर वडाध्यक्षको निर्देशनबमोजिम ६० वर्षभन्दा माथि उमेर समूहका व्यक्तिलाई खोप लगाइएको उहाँले जानकारी दिनुभयो । 'चौँसठ्ठी वर्षभन्दा कम उमेर समूहका नागरिकलाई अहिले लगाउन मिल्दैन भनेर फिर्ता पनि पठाएका हौँ, आएको भ्याक्सिन फिर्ता नगर्ने भनेर वडाध्यक्षले भन्नुभयो', उहाँले भन्नुभयो, 'स्थानीय सरकारका वडा प्रमुखले भनिसकेपछि खोप बिग्रन दिन मन लागेन ।' उहाँका अनुसार १२ बजेपछि केही व्यक्ति आएर खोप लगाउनुपर्छ भन्दै दुर्व्यवहारसमेत भएको छ । 'ममाथि हातपात पनि भएको छ, झगडा गर्न आए', उहाँले भन्नुभयो, 'कोल्डचेन व्यवस्थान नहुँदा दिनभर राख्दा खोप बिग्रन सक्थ्यो, यदि त्यस्तो भएको भए फेरि मैमाथि गाल पर्थ्यो ।' वडाध्यक्षकै मौखिक निर्देशनमा लक्षित समूहबाहेक क्याम्पस प्रमुख, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र सदस्यलाई भने खोप लगाएको उहाँले स्वीकार गर्नुभयो ।


**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसख्या मन्त्रालय**
**पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान**
**पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरा**

**बोलपत्रको आशयको सूचना ।**

**प्रकाशित मितिः २०७८/०२/२९**

**यस पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको बिभिन्न मितिमा प्रकाशित निम्नानुसारको बोलपत्रको आव्हान सम्बन्धी सूचना बमोजिम म्यादभित्र पर्न आएका बोलपत्रहरु मध्ये यस प्रतिष्ठानबाट गठित मूल्याङ्कन समितिबाट मूल्याङ्कन हुदाँ देहाय बमोजिमको बोलपत्रहरु सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनौट गर्ने निर्णय भई आएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

| सि.न. | ठेक्का नंवर/खरिदको विवरण | बोलपत्रदाताको नाम ठेगना | Package | कबोलअक (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | PAHS/NCB/GOODS/ 2077-78/28 Procurement of NICU Equipments | MES International Pvt ltd, Kathmandu | A | रु. १६,००,०००/- (रु. सोह्र लाख मात्र) | स्वीकृत |
| | | The Medical Solution Pvt Ltd | B | रु. ८,८०,०००/- (रु. आठ लाख असी हजार मात्र) | |
| | | National Electro-Tech Pvt Ltd, Kathmandu | C | रु. ७०,०६,०००/- (रु. सत्तरी लाख छ हजार मात्र) | |
| २ | PAHS/NCB/GOODS /2077-78/33 Procurement of Automated RNA Extraction Machine | J.S.S. Life Science Pvt ltd, Kathmandu | - | रु.२०,९५,९०२/- (रु. बिस लाख पन्चानब्बे हजार नौ सय दुई मात्र) | |
| ३ | PAHS/NCB/WORKS /2077-78/02 Construction of oxygen plant shed | Nexus Builders Pvt ltd, Pokhara | - | रु २३,६८,०८६.७३/ (रु. तेइस लाख अठ्सठ्ठी हजार छ्यासी र तिरहत्तर पैसा) | |